# मिति २०७५/१०/०६ गतेको जिल्ला समन्वय समितिको बैठकको निर्णयहरु:

१. जिल्ला समन्वय समितिको नाममा चन्द्रागिरी नगरपालिका वडा नं. १२ बलम्बुमा रहेको १४ रोपनी जग्गा १० वर्षको लागि भाडामा दिन प्रकाशित सूचना अनुसार परेका बोलपत्रहरुमध्ये सारभूत रुपमा प्रभावग्राही भई नियमानुसार छनौट भएको भेहिकल एकेडेमी एण्ड रिसर्च सेन्टर प्रा.लि. चन्द्रागिरी नगरपालिका वडा नं. १२, काठमाडौंसंग देहायका शर्तहरु उल्लेख गरी सम्झौता गर्ने निर्णय गरियो ।

**सम्झौताका शर्तहरु :**

१. प्रथम पक्ष (जि.स.स.) को स्वामित्वमा रहेको जग्गा प्रयोग गरे वापत पहिलो वर्षका लागि दोस्रो पक्षले बोलपत्रमा कवोल गरेको वार्षिक रकम रू. ८९,६४,०००।०० (उनान्नव्वे लाख चौसठ्ठी हजार मात्र) कर सहित कायम हुनेछ । नियमानुसार लाग्ने भाडा/वहाल कर सम्वन्धित निकायमा दाखिला गर्ने दायित्व प्रथम पक्षको हुनेछ । त्यसरी कर दाखिला गरेको विवरण दोस्रो पक्षलाई समेत उपलव्ध गराउनुपर्नेछ ।
२. भाडामा लगाउने जग्गा कलंकी नागढुंगा मुल सडकबाट पूर्व उत्तरतर्फबाट १४ रोपनी हुनेछ । जग्गा छुट्टयाई सिमांकन गरिदिने कार्य प्रथम पक्षको हुनेछ ।
३. भाडामा लिने/दिने जग्गाको क्षेत्रफल दुवै पक्षको रोहवरमा सम्वन्धित प्राविधिक बाट नापजाच गरी एकिन गरिनेछ । जग्गाको क्षेत्रफल नापजांच गर्दा १४ रोपनी भन्दा घटी या वढी भएमा कवोल गरेको अंकलाई आधार मानी दामासाहीका हिसावले उपयोग गर्ने क्षेत्रफल अनुसार भाडा रकम कायम हुनेछ ।
४. प्रत्येक २/२ वर्षमा प्रथम पक्षले कवोल गरेको भाडा रकममा १० प्रतिशतका दरले भाडा रकम वृद्धि हुनेछ ।
५. द्धितिय पक्षले भाडा वापतको वार्षिक रकमलाई तीन किस्ता कायम गरी प्रत्येक किस्ता कम्तीमा १५ दिन अगावै (पहिलो किस्ता सम्झौताका वखत, दोस्रो किस्ता २०७६ साउन १५ गते भित्र र तेस्रो किस्ता २०७६ मंसिर १५ गते पहिलो वर्षका लागि र त्यस पशतात् प्रत्येक ४/४ महिनामा १५ दिन अगावै) जिल्ला समन्वय समितिको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।
६. द्धितिय पक्षले भाडा लिएको जग्गामा कुनै किसिमको स्थायी भौतिक संरचना निर्माण गर्न पाउने छैन ।
७. यो सम्झौताको अवधि २०७६ वैशाख १ गतेदेखि १० (दश) वर्षसम्म (२०८५ चैत्र मसान्त सम्म) कायम हुनेछ । कार्यालयले उपयुक्त देखेमा दुवै पक्षको आपसी सहमतिमा सम्झौताको अवधि थप गर्न सकिनेछ ।
८. बोलपत्रमा कवोल गरे वमोजिमको भाडा वापतको वार्षिक रकमको वैंक ग्यारेण्टी कार्यालयबाट माग भएमा पेश गर्नुपर्नेछ ।
९. करार सम्झौता समाप्त भए पश्चात दोस्रो पक्षले निर्माण गरेका अस्थायी टहरा तथा संरचनाहरू आफ्नै खर्चमा वढीमा १ महिना भित्र उठाई लैजानु पर्नेछ । निर्मित अस्थायी संरचना उठाई/भत्काई नलगेमा सो भत्काउंदा/ व्यवस्थापन गर्दा लाग्ने खर्च सम्वन्धित पक्षबाट नै व्यहोरिनेछ ।
१०. राष्ट्रिय विपत्ति, प्राकृतिक प्रकोपको कारण जग्गामा गम्भीर क्षति भएको अवस्थामा बाहेक भाडा रकममा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन ।
११. वातावरण प्रदुषण, ध्वनि प्रदुषण हुने र सर्वसाधारणको स्वास्थ्यमा प्रतिकुल असर पर्ने कुनै किसिमको उद्योग, व्यापार व्यवसाय संचालन गर्न पाइने छैन ।
१२. राजमार्गसंग जोडिएको क्षेत्र भएकोले राजमार्गको सवारी आवागमनमा असर नपर्ने गरी कार्य संचालन गर्नुपर्नेछ ।
१३. सडक विस्तारको क्रममा वा अन्य कुनै कारणले सम्झौतामा उल्लेख भए वमोजिमको क्षेत्रफलको जग्गा भन्दा कम हुन गएमा घटी हुन गएको क्षेत्रफल अनुसार कायम भाडादरलाई आधार मानी सोही वमोजिम भाडा रकमको पुनरावलोकन गरी वार्षिक भाडा रकम यकिन गरिनेछ ।

१४. भाडा सम्झौता भएपश्चात सम्झौता अवधि व्यतित हुनु अगावै नेपाल सरकार वा जि.स.स.ले उक्त जग्गाको उपयोग गर्नुपर्ने अवस्था भएमा दोस्रो पक्षलाई कम्तिमा ३ (तीन) महिना अगावै सूचना गरी त्यस स्थानमा निर्मित सबै संरचनाहरू र लागतको मूल्यांकन गरी क्षतिपूर्ति दिई उपयोग गर्न सक्नेछ ।

१५. बोलपत्र फाराममा उल्लेख गरिएको प्रयोजन भन्दा फरक किसिमबाट जग्गाको उपयोग गर्न पाउने छैन ।

१६. खाली जग्गामा निर्माण हुने अस्थायी संरचनाहरूको निर्माण र संचालन तथा उपयोग गरेवापत प्रचलित कानून वमोजिम लाग्ने कर महशुल आदि तिर्ने दायित्व दोस्रो पक्षको हुनेछ । दोस्रो पक्षले सो जग्गा वा सोमा निर्मित अस्थायी संरचनाहरू तेस्रो पक्षलाई सव–लिजमा प्रयोग गर्न दिन सक्नेछ । तर जग्गाको समग्र उपयोग, सुरक्षा र संरक्षणको दायित्व भने दोस्रो पक्षमा नै निहित हुनेछ ।

१७. द्वितिय पक्षले व्यवसाय प्रवर्द्धनको लागि प्रचलित कानूनको अधिनमा रही आफुले लिएको जग्गामा सूचना तथा जानकारीमूलक होर्डिङ्ग वोर्ड राख्न सक्नेछ ।

१८. आपसी सहमतिमा थप जग्गा प्रचलित ऐन, नियम वमोजिम भाडा लिएर द्वितिय पक्षलाई प्रथम पक्षले दिन सक्नेछ ।

१९. दोस्रो पक्षले माथि उल्लेखित शर्तहरूको उल्लंघन गरी कार्य गर्न पाईने छैन । सम्झौतामा तोकिएको शर्तहरूको पालना नभएको पाईएमा प्रथम पक्षले निश्चित समय तोकि अग्रिम सूचना दिई सम्झौता रद्द गर्नेसम्मको कार्य गर्न सक्नेछ ।

२०. यस सम्झौतामा नपरेका अन्य कुराहरू करार सम्वन्धी कानून र प्रचलित ऐन, नियम अनुसार हुनेछ । साथै दुवै पक्षको आपसी सहमतिमा सम्झौताका कुनै वुंदाहरूमा थपघट गर्न सकिनेछ ।

२. ३ नं. प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट तयार गरी प्रदेश सरकारको मन्त्रीपरिषद्‌बाट मिति २०७५/०७/३० मा पारित भै लागू भएको **नदीजन्य पदार्थ संकलन र उत्खनन कार्यविधि–२०७५** सबै सदस्यहरुलाई वितरण गरी त्यस कार्यविधिमा भएका मूख्य मूख्य विषयहरुको बारेमा बैठकमा जानकारी गराईयो ।

३. नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७५/०९/०६ को निर्णयानुसार जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ को दफा १३ (२) बमोजिम खर्च गर्न सकिने रु. २० लाख, ३ नं. प्रदेश मन्त्रालयबाट प्राप्त थप अख्तियारी र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७५ बमोजिम जि.स.स. ले खर्च गर्न सकिने प्रशासनिक खर्चको बजेट तथा कार्यक्रम देहाय बमोजिम खर्च गर्ने गरी बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

क) जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ को दफा १३ (२) बमोजिमको रकमको वांडफांड

| व.शि.नं. | कार्यक्रम खर्च विवरण | संचालन हुने कार्यक्रमको विवरण | रकम रू. |
|---|---|---|---|
| २२१११ | पानी तथा विजुली | पानी तथा विजुली | ३०,०००।०० |
| २२२१२ | ईन्धन (कार्यालय प्रयोजन) | ईन्धन | १५०,०००।०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | मर्मत तथा सम्भार | २००,०००।०० |
| २२२१४ | विमा तथा नविकरण खर्च | सवारी साधन दर्ता, नविकरण र विमा | ५७४,५००।०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ५००००।०० |
| २२३११ | कार्यालय सम्वन्धी खर्च | कार्यालय सामान | १५०,०००।०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | वलम्वु जग्गा संरक्षण एवं उपयोगको लागि सुचना प्रकाशन, मूल्यांकन, अध्ययन प्रतिवेदन र अन्य प्रशासनिक खर्च | १६०,०००।०० |
| २२४१३ | करार सेवा शुल्क | जि.स.स.कार्यालय भवनका सुरक्षार्थ खटिने सुरक्षाकर्मीको श्रावण देखि मंसीर महिनासम्मको पारिश्रमिक | १३०,०००।०० |

| व.शि.नं. | कार्यक्रम खर्च विवरण | संचालन हुने कार्यक्रमको विवरण | रकम रू. |
|---|---|---|---|
| | | जि.स.स.संग भएको सम्झौता वमोजिम कम्प्यूटर मर्मत एवं ईलेक्ट्रिसियनलाई उपलब्ध गराउनुपर्ने मासिक पारिश्रमिक २०७५ मंसीरमसान्तसम्मको | ४५,०००।०० |
| | | विभिन्न कानूनी परामर्शका लागि आवश्यक रकम | १५०,०००।०० |
| २२६११ | अनुगमन तथा मूल्यांकन खर्च | वलम्वु जग्गा संरक्षण एवं उपयोगको लागि गठित विभिन्न समिति, कार्यदललाई अनुगमन, अध्ययन गरेवापतको खर्च | १६०,५००।०० |
| २२७११ | विविध खर्च | विविध खर्च (जि.स.स. महासंघको सदस्यता शुल्क, लिलाम विक्री एवं अन्य कार्यालय संचालनका लागि आवश्यक रकम समेत) | २००,०००।०० |
| | | जम्मा | **२,०००,०००।००** |

ख) प्रदेश नं. ३ को मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट चालु आ.व. २०७५/०७६ को लागि प्राप्त अख्तियारी रु. २२ लाखको कार्यक्रम तथा वजेट वांडफांड

| व.शि.नं | खर्च शिर्षक | कार्यक्रमको विवरण | रकम रू. | रकम रू. |
|---|---|---|---|---|
| | | अख्तियारीमा उल्लेख भए अनुसार प्राप्त रकम रू. २२ लाखको ५० प्रतिशतले हुने रकम जिल्ला भित्रका स्थानीय तहहरू (जि.स.स. समेत) को क्षमता विकासका देहायका कार्यक्रममा खर्च हुने | | १,१००,०००।०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च | स्थानीय तहका लागि विपद व्यवस्थापन सम्वन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम | २५०,०००।०० | |
| | | सुचनाको हक प्रवद्धन सम्वन्धमा स्थानीय तहका सूचना अधिकारीहरू र सूचना अद्यावधिकमा संलग्न १ जना गरी प्रति नगरपालिका २ जनाको लागि १ दिने अभिमुखीकरण कार्यक्रम PDMS सम्वन्धी | १००,०००।०० | |
| | | जि.स.स. पदाधिकारी/स्थानीय तहका पदाधिकारी नेतृत्व विकास एवं क्षमता अभिवृद्धि तालिम कार्यक्रम | २००,०००।०० | |
| | | जि.स.स. पदाधिकारी तथा कर्मचारीहरूको अध्ययन अवलोकन भ्रमण कार्यक्रम | २००,०००।०० | |
| | | स्थानीय तहका कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम | ३५०,०००।०० | |
| | | **वांकी ५० प्रतिशत रकमको वांडफांड** | | **१,१००,०००।००** |
| २१११२ | पारिश्रमिक पदाधिकारी | जि.स.स. सदस्यहरूको लागि वृद्धि भएको थप सुविधा वापतको रकम (४५००×१२×६) | ३२४,०००।०० | |
| २२२११ | ईन्धन(पदाधिकारी) | ईन्धन (पदाधिकारी) | १५०,०००।०० | |
| २२२१३ | सवारी साधन मर्मत | मर्मत सम्भार | १००,०००।०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | कार्यालय संचालन | २००,०००।०० | |
| २२६११ | अनुगमन तथा मूल्यांकन | अनुगमन तथा मूल्यांकन खर्च | २००,०००।०० | |
| २२७११ | विविध | विविध | १२६,०००।०० | |
| | **जम्मा** | | | २,२००,०००।०० |

ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, २०७५ अन्तर्गत जि.स.स.ले प्राप्त गर्ने ०.२ प्रतिशतले हुने रू. ८,००,०००।०० को वजेट वांडफांड

| व.शि.नं. | खर्च शिर्षक | कार्यक्रम विवरण | कैफियत |
|---|---|---|---|
| २२११२ | संचार महशुल | संचार (टेलिफोन एवं वल्क एस.एम.एस.) | २५०००।०० |
| २११३४ | कर्मचारी वैठक भत्ता | निर्देशक समितिको वैठक संचालन खर्च | ८००००।०० |
| २११४१ | पदाधिकारी वैठक भत्ता | | १३००००।०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | प्रशासनिक तथा मसलन्द खर्च | १७५०००।०० |
| २२६११ | अनुगमन तथा मूल्यांकन | अनुगमन खर्च | १४००००।०० |
| २२६१२ | भ्रमण खर्च | भ्रमण खर्च | १५००००।०० |
| २२७११ | विविध | विविध | १०००००।०० |
| | जम्मा | | ८०००००।०० |

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त जि.स.स. अनुदान रकम रु. १,१५,५९,००० को देहाय वमोजिमको संशोधित वजेट वांडफांड गर्ने निर्णय गरियो ।

| व.शि.नं. | विवरण | रकम रू. | कैफियत |
|---|---|---|---|
| २११११ | तलव | ५,२३९,०००।०० | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २,६२०,०००।०० | |
| २११२१ | पोशाक | २००,०००।०० | |
| २११३२ | महंगी भत्ता | २५०,०००।०० | |
| २११४१ | पदाधिकारी वैठक भत्ता | ३००,०००।०० | क) कार्यालय समय अघि र पछि एजेण्डा विशेषका लागि वैठक वस्दा पाउने<br>ख) यातायात खर्च वापत यातायात सुविधा नलिएका पदाधिकारीहरूलाई मासिक रू. १०००।०० का दरले उपलव्ध गराउने (६×१०००×१२= ७२०००।००) |
| २२१११ | पानी तथा विजुली | ६०,०००।०० | |
| २२११२ | संचार महशुल | ११०,०००।०० | |
| २२२११ | ईन्धन पदाधिकारी | ५००,०००।०० | |
| २२२१२ | ईन्धन कार्यालय प्रयोजन | ४७५,०००।०० | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७५,०००।०० | |
| २२२१४ | विमा तथा नविकरण खर्च | ८०,०००।०० | |
| २२३११ | कार्यालय सम्वन्धी खर्च | १००,०००।०० | |
| २२४१३ | करार सेवा शुल्क | ६५०,०००।०० | |
| २२५२२ | कार्यक्रम खर्च | ३००,०००।०० | |
| २२६११ | अनुगमन र मूल्यांकन | ५००,०००।०० | |
| २२७११ | विविध खर्च | १००,०००।०० | |
| | जम्मा | ११,५५९,०००।०० | |

५. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०९/०६ मा पारित भएको जिल्ला समन्वय समितिको मौज्दात् कोष संचालन निर्देशिका २०७५ बैठकमा वितरण गरी सो सम्बन्धमा छलफल गरियो ।

६. मदन भण्डारी मेमोरियल कलेजको मूल्य समायोजन सम्बन्धमा मिति २०७५/०२/१५ बाट भएको फैसला उपर चित्त नबुझी जि.स.स.को तर्फबाट उच्च अदालत पाटनमा मिति २०७५/०३/२० को पुनरावेदन पत्रमा सो मुद्दामा उच्च अदालत पाटनबाट **मिति २०७५/०६/२२ मा मध्यस्थ टाईवुनलबाट मिति २०७५/०२/१५ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन** भनी फैसला भई फैसलाको प्रतिवेदन समेत प्राप्त भएको हुंदा फैसला अध्ययन गरी आगामी बैठकबाट आवश्यक निर्णय लिने।

७. जि.स.स. सदस्य उद्धव भण्डारीलाई सुविधाको रुपमा कार्यालयबाट उपलव्ध गराईएको बा.२ व. ७२०१ नं. को मोटरसाईकल मर्मत गर्दा लागेको विल बमोजिमको रकम रु. १०,५३५।– जि.स.स. को मर्मत सम्भार शिर्षकबाट खर्च गर्ने गरी उपलव्ध गराउने निर्णय गरियो।

८. NIC Asia बैंकले ATM Machine र Extension Counter राख्ने प्रयोजनको लागि स्थान उपलव्ध गराईदिन भनी अनुरोध गरी पत्राचार गरेको सम्बन्धमा सम्वन्धित बैंकसंग थप छलफल गरी आवश्यक निर्णय गर्ने।

९. काठमाडौं जिल्ला साविक नयाँपाटी गा.वि.स. हाल गोकर्णेश्वर नगरपालिका वडा नं. २ का वस्तीहरुमा **वृहत नयाँपाटी खानेपानी योजना** प्रदेश सरकारको आ.व. २०७५/०७६ मा समावेश भएको र साविकमा नेपाल सरकार क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय सिनामंगलबाट डिपिआर तयार भएको उक्त खानेपानी योजनाको डि.पि.आर. वमोजिमको कार्य सम्पन्न गर्न थप रकम आवश्यक भएकोले स्थानीय जनसमुदायहरुको माग वमोजिम उक्त आयोजना सम्पन्न गर्न नपुग रकम विनियोजन गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डिभिजन नं. ५ भक्तपुर मार्फत प्रदेश नं. ३, प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालयसंग माग गरी पठाउने निर्णय गरियो।

# प्रमुख प्रशासकिय अधिकृतहरु संगको बैठकको निर्णयहरु

१. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७५ वमोजिमको कार्यक्रम कार्यान्वयनको लागि हालसम्म भएको प्रगतीको विवरण बैठकमा जानकारी गराउने कार्य भयो ।

२. छनौट भएका योजनाहरु मध्ये संशोधन गर्नुपर्ने भएमा संशोधन गर्नु पर्नाको प्राविधिक पुष्ट्याई सहित जि.स.स. मा लेखि पठाउने बारेमा छलफल भयो ।

३. यो कार्यक्रम कार्यान्वयनको लागि देखापरेका समस्याहरु जस्तैः जनसहभागिता वापतको लागत रकम जुटाउन परेको कठिनाई, प्रदेश सरकारका योजनाहरुमा लागत सहभागिता आवश्यक नपर्ने तर अन्य योजनाहरुमा लागत सहभागिता आवश्यक पर्ने जस्ता कुराहरुले स्थानीय तहहरुलाई परेको समस्याका विषयमा बैठकमा छलफल गरियो । यस्ता समस्या आपसी समन्वयमा समाधान गर्ने र छनौट भएका योजनाहरु समय सिमा भित्र सम्झौता हुन नसकी कार्यान्वयन हुन नसकेकोतर्फ सम्वन्धित नगरपालिकाहरुलाई ध्यानाकर्षण गराउने एवं सम्वन्धित नगरपालिकाहरुबाट निर्धारित समय भित्रै योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने ।